# न्यूजप्रवाह

Newsprabah weekly साप्ताहिक

स्थानीय 'ग' वर्गमा वर्गीकृत

❖ वर्ष ६ ❖ अंक ११ ❖ २०८३ असोज २१ गते बुधबार ❖ Wednesday, 7 Oct, 2026 ❖ मूल्य रू. १० ।- ❖ पृष्ठ ६ ❖ (Website : www .newsprabah .com)




"थाक खोला" गीत "कबड्डी ५" मा काजीको तीन सोल्टिनी (पृष्ठ ३ मा)

### सांसद् लामिछानेसमक्ष चितवन उवासंघको ज्ञापन

# नारायणी तटीय क्षेत्रमा दीर्घकालीन तटबन्धको माग

**- बबिलाल तामाङ**

भरतपुर । चितवन उद्योग वाणिज्य संघले चितवन-३ का प्रतिनिधिसभा सदस्य एवम् रास्वपा सभापति रवि लामिछानेसमक्ष ज्ञापनपत्र बुझाएको छ ।

नारायणी नदीमा आएको बाढी तथा कटानका कारण तटीय क्षेत्रमा पुगेको गम्भीर क्षतिलाई मध्यनजर गर्दै दीर्घकालीन संरक्षण र वैज्ञानिक तटबन्धका लागि संघले सांसद् लामिछानेलाई

ध्यानाकर्षण-पत्र तथा ज्ञापनपत्र हस्तान्तरण गरेको हो ।

संघका प्रतिनिधिहरुले नारायणी नदीको बाढी र कटानका कारण नारायणगढ बजार, आसपासका तटीय बस्तीका साथै पर्यटकीय र व्यापारिक क्षेत्रहरू उच्च जोखिममा परेकाले सांसद् लामिछानेसँग भेट गरी सो विषयमा ध्यानाकर्षण गराएका हुन् ।

सो अवसरमा चितवन उवासंघका अध्यक्ष चिरञ्जीवी सुवेदीले नारायणी नदीकिनारको वर्तमान अवस्थाबारे गम्भीर चिन्ता व्यक्त गर्दै तत्काल प्राविधिक अध्ययन र दीर्घकालीन समाधानको आवश्यकता औँल्याए ।

उनले नारायणी नदीमा बाढी र कटानका कारण देशकै प्रमुख धार्मिक, पर्यटकीय तथा आर्थिक केन्द्रका रूपमा परिचित चितवनको नारायणगढ बजार र तटीय क्षेत्र ठूलो सङ्कटमा परेको बताए ।



उनले भने, 'विशेषगरी भरतपुर महानगर-१, २ र ३ अन्तर्गत पर्ने नारायणी तटीय क्षेत्रमा बाक्लो जनघनत्वका साथै महत्त्वपूर्ण व्यापारिक, आवासीय तथा सार्वजनिक संरचनाहरू रहेकाले समयमै दिगो र प्रभावकारी रोकथामका उपायहरू नअपनाइए भविष्यमा ठूलो मानवीय, भौतिक र आर्थिक क्षतिको जोखिम रहेको छ ।'

सोही अवसरमा ज्ञापनपत्र ग्रहण गर्दै रास्वपा सभापति एवम् सांसद् लामिछानेले चितवनको प्रमुख आर्थिक केन्द्र नारायणगढ र आसपासका तटीय बस्तीको सुरक्षाका लागि आफ्नो प्राथमिकता रहेको बताए ।

चितवन उद्योग वाणिज्य संघले उठाएका मागहरू अत्यन्तै संवेदनशील र जायज रहेको बताउँदै

उनले भने, 'नारायणी नदीको बाढी र कटान चितवनवासीले बर्सेनि भोग्नुपर्ने गम्भीर समस्या बनेकाले यसको अस्थायी समाधानले मात्र नपुग्ने र वैज्ञानिक तथा दीर्घकालीन तटबन्ध आवश्यक छ ।' आफू चितवन २ को जनप्रतिनिधि भएकाले यस विषयलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता उनले जनाए ।

ज्ञापनपत्र हस्तान्तरण कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य एवं चितवन उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष सुमनकुमार श्रेष्ठ र चितवन उवासंघका वरिष्ठ उपाध्यक्ष

*(बाँकी ३ पेजमा)*

# मगर विद्यार्थी संघद्वारा १० लाखको अक्षयकोष स्थापना

भरतपुर । नेपाल मगर विद्यार्थी संघ जिल्ला समिति चितवनले विपन्न, जेहेन्दार तथा अशक्त मगर विद्यार्थीलाई सहयोग गर्ने उद्देश्यले स्थापना गरेको अक्षयकोषमा १० लाख रुपैयाँभन्दा बढी रकम संकलन गरेको छ ।

संघले आइतबार भरतपुरमा आयोजना गरेको पत्रकार सम्मेलनमार्फत अक्षयकोषमा हालसम्म १० लाख ७ हजार ६८० रुपैयाँ संकलन भएको जानकारी दिएको हो ।

चितवन जिल्ला तथा यससँग जोडिएका छिमेकी जिल्लाका स्थानीय तहमा रहेका विपन्न, जेहेन्दार तथा अशक्त मगर विद्यार्थीलाई शैक्षिक सहयोग उपलब्ध गराउने उद्देश्यले २०७५ सालमा अक्षयकोष स्थापना गरिएको थियो ।

मगर विद्यार्थी अक्षयकोष चितवनका अध्यक्ष निर्मल थापामगरका अनुसार कोषमा देउसी-भैलो कार्यक्रम तथा देश-विदेशमा रहेका सहयोगदाताबाट प्राप्त आर्थिक सहयोग जम्मा गरिएको हो ।

कोषमा संकलित रकमबाट मगर विद्यार्थीको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नुका साथै व्यक्तित्व विकास, आत्मविश्वास, सीप तथा प्रतिभा विकासमा सहयोग पुग्ने अपेक्षा गरिएको थापामगरले बताए । यसबाट मगर समुदायको समग्र विकास र समृद्धिमा योगदान पुग्ने उनको भनाइ छ ।

अक्षयकोष सञ्चालनका लागि 'मगर विद्यार्थी अक्षयकोष सञ्चालन निर्देशिका, २०७६' समेत तयार गरिएको छ । कोषमार्फत हालसम्म विभिन्न कार्यक्रम सञ्चालन गरी २६१ जना विद्यार्थीलाई सहयोग गरिसकिएको अध्यक्ष थापामगरले जानकारी दिए ।

विशेषगरी एसईई तथा कक्षा १२ मा उत्कृष्ट अंक हासिल गर्ने विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्नुका साथै आर्थिक रूपमा विपन्न विद्यार्थीलाई समेत सहयोग गरिएको उनले बताए । विभिन्न विद्यालयमा विद्यार्थीका लागि स्टेशनरी सामग्रीसमेत वितरण गरिएको संघले जनाएको छ ।

नेपाल मगर विद्यार्थी संघले आगामी दिनमा अक्षयकोषमार्फत मगर विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने, उत्तीर्ण विद्यार्थीलाई नगदसहित एजुकेसन अवार्डबाट सम्मान गर्ने तथा विपन्न, जेहेन्दार र मेधावी विद्यार्थीलाई शैक्षिक सामग्री एवं आर्थिक सहयोग गर्ने योजना बनाएको छ ।

त्यसैगरी मगर भाषा, कला तथा संस्कृतिको प्रवर्द्धन र संरक्षणका लागि मगर विद्यार्थी लक्षित विभिन्न कार्यक्रम सञ्चालन गर्ने लक्ष्यसमेत संघले लिएको अध्यक्ष थापामगरले बताए ।

# पत्रकारको नि:शुल्क आँखा परीक्षण, १०१ जना लाभान्वित

भरतपुर । नेपाल पत्रकार महासङ्घ चितवन शाखाले क्रियाशील पत्रकारलाई लक्षित गरी आयोजना गरेको निःशुल्क आँखा शिविरमा १०१ जना पत्रकारको आँखा परीक्षण गरिएको छ ।

नेपाल नेत्रज्योति सङ्घ चितवनद्वारा सञ्चालित भरतपुर आँखा अस्पतालको सहयोगमा शनिबार आयोजित शिविरमा महासङ्घ चितवन शाखाका सदस्य तथा जिल्लामा क्रियाशील पत्रकारहरूको आँखा परीक्षण गरिएको हो । शिविरमा आवश्यकताअनुसार चश्मा तथा औषधिसमेत निःशुल्क वितरण गरिएको थियो ।

नेपाल पत्रकार महासङ्घ चितवन शाखाका अध्यक्ष वसन्त पराजुलीले पत्रकारिता पेशामा निरन्तर कम्प्युटर, मोबाइल तथा अन्य डिजिटल उपकरणको प्रयोग गर्नुपर्ने भएकाले पत्रकारहरूको आँखाको स्वास्थ्यलाई ध्यानमा राखेर शिविर आयोजना गरिएको बताए । उनले विगतका वर्षमा झैँ यस वर्ष पनि भरतपुर आँखा अस्पतालसँग सहकार्य गरी पत्रकारहरूको स्वास्थ्यलाई प्राथमिकतामा राखेर कार्यक्रम गरिएको जानकारी दिए ।

अध्यक्ष पराजुलीले पत्रकारहरू आफ्नो स्वास्थ्यप्रति कम ध्यान दिने अवस्थामा रहने भएकाले यस्ता स्वास्थ्यसम्बन्धी कार्यक्रमले उनीहरूलाई नियमित स्वास्थ्य परीक्षणतर्फ प्रेरित गर्ने बताए ।

शिविरका क्रममा तीन जना पत्रकारको आँखामा शल्यक्रिया आवश्यक रहेको पहिचान भएको छ । उनीहरूको शल्यक्रिया अस्पतालले सहुलियत दरमा गर्ने व्यवस्था मिलाएको भरतपुर आँखा अस्पतालका सूचना अधिकारी रमेश घिमिरेले जानकारी दिए । उनका अनुसार पत्रकारहरूको समयअनुकूल हुने गरी शल्यक्रियाको मिति तय गरिनेछ ।

महासङ्घ चितवनले पत्रकारहरूको पेशागत क्षमता विकाससँगै स्वास्थ्य सुरक्षालाई समेत प्राथमिकतामा राख्दै विभिन्न स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

# आँखा नियमित परीक्षण प्रमुख आवश्यकता

भरतपुर । आँखाको स्वास्थ्यका लागि नियमित परीक्षण आवश्यक रहेको चिकित्सकहरूले बताएका छन् ।

भरतपुर आँखा अस्पतालका नेत्ररोग विशेषज्ञ डा हिमाल गिरीले आँखाको स्वास्थ्यका लागि विशेषगरी ४० वर्ष उमेर पुगेपछि नियमित परीक्षण आवश्यक रहेको बताए ।

उनले भने, 'आँखालाई सुरक्षित नियमित जाँच गरी समस्या पहिचान गर्नु प्रमुख आवश्यकता हो ।' उनका अनुसार उच्च रक्तचाप, मधुमेह र थाइराइडजस्ता रोगले आँखामा असर पार्न सक्ने भएकाले त्यस्ता समस्या भएका व्यक्तिले नियमित आँखा परीक्षण गराउनुपर्छ ।

आँखामा चोटपटक लाग्न सक्ने जोखिमयुक्त काम गर्ने व्यक्तिले सुरुदेखि सावधानी अपनाउनुपर्नेमा डा गिरीले जोड दिए ।

वेल्डिङलगायत काम गर्दा आँखामा चोट लागेमा घरमै बसेर उपचार गर्ने, आँखामा पानी छ्याप्ने वा मेडिकलबाट औषधि किनेर प्रयोग गर्नुभन्दा तत्काल आँखा उपचार केन्द्र वा अस्पतालमा सम्पर्क गर्न उनले सुझाव दिए ।

हाल मौसमी परिवर्तनका कारण हुने सिजनल एलर्जीबाट आँखामा चिलाउने, रातो हुने तथा आँसु आउने समस्या देखिन सक्ने उनले बताए ।

आँखा पाक्ने रोग सरुवा हुने भएकाले सङ्क्रमित व्यक्तिले प्रयोग गर्ने रुमाल, तौलिया, सिरानीलगायत व्यक्तिगत सामग्री अरूले प्रयोग गर्न नहुने उनको सुझाव छ ।


## बिल लिने र दिने बानी बसालौं

- ❖ बिल-बिजक उपभोक्ता अधिकारको सुरक्षा हो,
- ❖ प्रत्येक खरिद, बिक्रीमा बिल-बिजकलाई खरिदको प्रमाणका रुपमा सुरक्षित राखौं,
- ❖ म्याद नाघेका, गुणस्तरहीन वा लेबल नभएका वस्तु खरिद, बिक्री नगरौं,
- ❖ वस्तु तथा सेवाको मूल्य, गुणस्तर, परिमाण र उत्पादन मिति जाँच गरेर मात्र खरिद गरौं,
- ❖ अनुचित मूल्यवृद्धि, ठगी वा कालोबजारी भएमा सम्बन्धित निकायमा जानकारी गराऔं,
- ❖ जिम्मेवार उपभोक्ता र इमान्दार व्यवसायी मिलेर स्वच्छ बजार निर्माण गरौं,

**सचेत उपभोक्ता बनौं, स्वच्छ र पारदर्शी बजार निर्माणमा सहयोग गरौं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



# न्यूजप्रवाह
Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर–१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग


## सम्पादकीय

### चाडबाडकेन्द्रित सुरक्षा सतर्कता

नेपाली घरआँगनमा दसैँको चहलपहल सुरु भइसकेको छ। यस विशेष चाडमा देशविदेशबाट घर फर्किनेक्रम तीव्ररूपमा चलिरहेको छ। चाडपर्वको समयमा सबै क्षेत्रमा चाप बढेको छ। दसैँको यही भीडभाडको मौका छोपेर यातायात व्यवसायीले मनपर्दी भाडा असुल्ने, घर फर्किएका मानिस लुटिने, किनमेलमा ठगिने, म्याद नाघेका सामान कटाउने, अखाद्य वस्तु बिक्री गर्ने, कालोबजारी गर्नेजस्ता अवसरवादी प्रवृत्ति भइरहेका खबर सार्वजनिक भइरहेका छन्। यतिबेला उपभोक्ताहरूको मुख्य चासो नै सरकारका अनुगमन निकायहरूले कसरी काम गरिरहेका छन्? सरकारले उपभोक्तालाई राहत पुग्ने कस्ता गतिविधि गर्दै आएको छ? प्रशासनले चाडबाड लक्षित कार्यक्रम कसरी अघि बढाएको छ? भन्ने नै रहेको छ। हरेकवर्ष चाडपर्व लाग्नासाथ उपभोक्ताहरू ठगिने गर्छन्। चाडपर्वमा उपभोक्तालाई छूट र राहत दिनुपर्नेमा सकेसम्म लुट्ने प्रवृत्ति विद्यमान छ। मौका छोपेर कालाबजारी गर्नेहरू अझै सक्रिय छन्। प्रशासनले बेलाबेलामा अनुगमन गर्दै आए पनि प्रभावकारी बन्न सकेको छैन।

चाडपर्वलाई लक्षित गरी शान्ति सुरक्षा, आपूर्ति व्यवस्थापन, यातायात क्षेत्रलाई सरल र सुरक्षित बनाउने दायित्व राज्यको हो। यसका लागि राज्यका सम्पूर्ण निकायहरू उपभोक्ताको हित प्रवर्द्धनमा लाग्नुपर्छ। सरकारी निकायबाट जेजति सक्रियता देखिनुपर्ने हो, त्यति देखिएको छैन। किनभने, यात्रा गर्दा यात्रु ठगिनुपरेका, सीमा क्षेत्रमा लुटिनुपरेका, किनमेलका क्रममा ठगिनुपरेका अनेकन पीडा जनताले पोखिरहेका छन्। सुरक्षा निकायले चाडपर्वमा विशेष सुरक्षा योजना लागू गर्छ। चाडपर्व व्यवस्थित बनाउन सक्दो प्रयत्न गरिरहेको पनि बताउँछ। तर, सुरक्षा निकायको मात्र भर पर्दा गाउँमा लुटपाट, चोरी तथा अपराध भइरहेका हुन्छन्। समाजमा शान्ति सुरक्षा कायम गर्न प्रहरीको अभियानले मात्र सम्भव हुँदैन। आफ्नो गाउँ शान्त र भयरहित बनाउन नागरिक समाजकै ठूलो भूमिका रहेको हुन्छ। व्यक्ति सचेत नभएसम्म प्रहरीको गस्तीले मात्र समाजमा शान्तिसुरक्षा कायम हुन सक्दैन। समाजमा शान्तिसुरक्षा कायम गर्न हरेकको उत्तिकै जिम्मेवारी रहने भएकाले नागरिकलाई बर्दीविनाको प्रहरी भनिएको हो। कतिपय ठाउँमा समुदाय–प्रहरी कार्यक्रम अत्यन्त प्रभावकारी भएको छ। जिम्मेवार नागरिक भएका गाउँसहरमा यस्ता कार्यक्रमले सार्थकता पाएका छन्।

चाडपर्वमा उपभोक्तालाई सहज ढङ्गले सुपथ मूल्यमा गुणस्तरीय सामग्री किनमेल गर्न, सकुशल गन्तव्यमा पुग्न, भयरहित भएर हिंड्डुल गर्न सक्ने वातावरण सृजना गर्नुपर्छ। प्रभावकारी अनुगमनबाटै बेथितिहरूको अन्त्य गर्न सकिन्छ। प्रहरीले सडकमा सवारी चेकजाँचका क्रममा यात्रुसँग मनलाग्दी भाडा असुली गर्नलाई कारबाही गर्दै आएको छ। यसैगरी, कालोबजारी र मूल्य वृद्धि नियन्त्रणका लागि पनि उपभोक्ता बनेर सुक्ष्म अनुगमन गर्ने, उपभोक्ताका गुनासा सुन्नेजस्ता कार्यलाई प्राथमिकता दिनुपर्छ। चाडपर्वको समयमा हुन सक्ने सम्भावित घटना र अपराध न्यूनीकरणका लागि सुरक्षा योजनाले राहत पुग्ने अपेक्षा गरिएको छ। शान्ति सुरक्षामा खलल पुग्न सक्ने कुनै पनि कार्यको समयमै सूचना दिने, शंकास्पद गतिविधिप्रति निगरानी गर्ने दायित्व हामी सबैको हो। समाजमा हरेक खालका नियत भएका मानिस हुन्छन्। तिनीहरूबाट सम्भावित आपराधिक क्रियाकलाप नहोस् भन्नाका लागि सुरक्षा सतर्कता बढाउनुपरेको हो। चाडबाडको समयमा मादकपदार्थको सेवन गरी झैझगडा हुने, आपराधिक क्रियाकलाप र मापसेका कारण सडकमा दुर्घटनासमेत वृद्धि हुनसक्ने भएकाले यसतर्फ सुरक्षा सतर्कता बढाउनु आवश्यक देखिन्छ।

# सुत्केरी बिदा बढाएर नेपालको जनसंख्या बढाउने सरकारी नीति



### कति सही - कति गलत ?

स्वास्थ्य मन्त्री निशा मेहताले प्रतिनिधिसभामा विधेयक प्रस्तुत गर्दै नेपालको जनसंख्या वृद्धिदर निरन्तर घटिरहेको भन्दै जनसंख्या वृद्धिका लागि कर्मचारीहरुमा सुत्केरी बिदामा प्रोत्साहन समेत आवश्यक रहेको बताएकी छन्। साथै आमाको स्तनपान र बाल-स्वास्थ्यसंग जोडिएकोले पनि यस्तो प्रस्ताव गरिएको बताइएको छ।

प्रस्तावित विधेयकमा सरकारी, गैरसरकारी र निजी क्षेत्रमा काम गर्ने महिलाका लागि ६ महिनाको तलवी प्रसुती विदा तथा पुरुषका लागि ४२ दिन बच्चाको स्याहारमा सहयोगको निमित्त तलवी विदा प्रस्ताव गरिएको छ।

यो विधेयकको बारेमा सुनेपछि मेरा मनमा केही प्रश्नहरु उब्जिए र तिनै प्रश्नहरु तपाईहरुसंग साट्न र तपाईको बुझाई बुझ्न खोज्दैछु।

आमा बन्नु, बुबा बन्नु र अफिसमा तलवी छुट्टी पाउनु जोडिए जस्तो देखिए पनि एउटै विषय होइन। अझ नेपाल जस्तो संयुक्त पारिवारिक प्रणाली र ठूलो जनसंख्या जागिरको अवसरबाट टाढा भएको हुँदा यसलाई बाल-स्वास्थ्य संग जोड्न सकिन्छ तर प्रत्यक्ष जोडिएको विषय होइन।

मेरो मनमा उठेको पहिलो प्रश्न - के नेपालले यो व्यवस्था दीर्घकालीन रूपमा धान्न सक्छ ?

सन्तान प्राप्ती गर्नु जीवनको सबैभन्दा संवेदनशील समय हो। त्यसैले आमा, नवजात शिशु र बाबुलाई पर्याप्त समय, स्वास्थ्य सुरक्षा र पारिवारिक सहयोग चाहिन्छ भन्ने कुरामा सायद धेरैको विमति हुँदैन। तर यो दीर्घकालीन समाधानको उपाय निकालेर मात्र लागु गर्नुपर्छ।

अर्को प्रश्न - के सुत्केरी बिदा बढाउँदैमा नेपालको जनसंख्या बढ्छ ?

जनसंख्या घट्नुको कारण केवल बिदाको अवधि हो कि रोजगारीको अभाव, युवाको विदेश पलायन, विवाह र सन्तान जन्माउने उमेरमा श्रीमान-श्रीमती छुट्टिएर बस्नुपर्ने बाध्यता (वैदेशिक रोजगारी), बढ्दो जीवनयापन खर्च, अनियन्त्रित शिक्षा-स्वास्थ्यको खर्च, आवासको समस्या र भविष्यप्रतिको अनिश्चितता पनि हुन् ?

यदि युवा-युवतीसँग रोजगारी छैन, परिवार पाल्न महँगो छ, लाखौं युवा विदेशमा छन् र नेपालमा भविष्य सुरक्षित देखिँदैन भने ६ महिनाको सुत्केरी बिदाले मात्र उनीहरूलाई बढी सन्तान जन्माउने निर्णयमा पुऱ्याउँछ कि पुऱ्याउँदैन ? यसको बलियो प्रमाण र आर्थिक अध्ययन आवश्यक छ।

मेरो मनमा उब्जिरहेको अर्को कठोर प्रश्न हो, कतै भोलि प्राइभेट सेक्टरमा विवाह नभएका वा भएर बच्चा हुन बाँकी युवाहरुलाई जागीरको अवसरबाट बन्चित त गरिदैन ?

सरकारी कर्मचारीको बिदाको खर्च राज्यले व्यवस्थापन गर्न सक्छ। तर निजी क्षेत्रका लागि ६ महिनाको तलब, कर्मचारीको अनुपस्थिति, त्यसको सट्टामा नयाँ कर्मचारी ल्याउदा पर्ने उत्पादकत्वको असर र अतिरिक्त प्रशासनिक खर्च कसरी व्यवस्थापन गर्ने भनेर प्राइभेट सेक्टरमा अविवाहितहरुलाई जागिरमा भर्ना गर्ने प्रणालीमै त असर गर्दैन ? सानो व्यवसाय र सीमित नाफामा चलिरहेका संस्थाले यो भार कसरी धान्ने ?

पुराना कर्मचारीहरुको प्रोडक्टिभिटि कम छ भनेर युवा कर्मचारीलाई प्रोत्साहित गर्ने उद्देश्यले आजै ल्याइएको कडा निजामति सेवा नियमावलीसंग यो कुरा कसरी मेल खान्छ? यदि प्राइभेट सेक्टरको यो आर्थिकभार राज्यले लिने हो भने त्यसको दीर्घकालीन वित्तीय स्रोत के हो ?

त्यसैले बहस केवल “आमालाई ६ महिना चाहिन्छ कि चाहिँदैन ?” मा सीमित हुनु हुँदैन। प्रश्न हुनुपर्छ, यो सुविधा कसले वित्तीय रूपमा धान्ने? कसले पाउने? कति वर्षसम्म धान्न सकिन्छ ? र यसको वास्तविक आर्थिक तथा जनसांख्यिकीय परिणाम के हुन्छ? अझ एउटा अन्तर ाष्ट्रिय तुलना पनि आवश्यक छ।

अमेरिका, क्यानडा, अष्ट्रेलिया, चीन र भारत सबैको प्रसुती विदा प्रणाली फरक छ। कतै धेरै-कतै थोरै। तर यी देशका आर्थिक क्षमता, सोसल सेक्युरिटी सिस्टम, ट्याक्स सिस्टम, कर्मचारी भर्ना प्रणाली र देशको आर्थिक अवस्था नेपालभन्दा फरक छन्।

त्यसैले प्रश्न “अरू देशले कति सुविधा दिन्छन्?” मात्र होइन। हामी अरु जस्तो छौं कि छैनौ पनि हो। नेपालले आफ्नो अर्थतन्त्रले कति दिगो रूपमा धान्न सक्छ भन्ने पनि हो।



- ई. विजयराज भट्टराई

**विचार**

अझ अर्को प्रश्नले मलाई घरिघरि घोचिरहन्छ।

एकातिर सरकारले जनसंख्या घटिरहेको भन्दै बढी सन्तान जन्माउन प्रोत्साहन गर्ने नीतिबारे कुरा गरिरहेको छ। अर्कोतिर विदेशमा रहेका आफ्नै वंसज नागरिकको नागरिकताको निरन्तरता र नेपालसँगको कानुनी सम्बन्धका विषयमा हामी अझै पूर्ण रूपमा सहज र स्पष्ट समाधानमा पुगिसकेका छैनौं।

यहाँ तुलना गर्नुपर्ने थप प्रश्न जन्मिन्छ- हामीलाई संख्या मात्र चाहिएको हो कि नेपाली मानव पूँजी पनि ?

नेपालमा जन्मिने बच्चालाई राम्रो स्वास्थ्य, शिक्षा, रोजगारी र सुरक्षित भविष्य दिन सक्ने व्यवस्था कति बलियो छ ? ती बच्चाहरु देशको शिक्षा, स्वास्थ्य र रोजगारी ब्यबस्थापन गर्न नसके नेपालमै बस्ने कसले ग्यारेन्टी गर्न सक्छ? विदेशमा हुर्किएका नेपाली मूलका सन्तानलाई नेपालसँग जोड्ने नीतिहरू कति उदार र व्यावहारिक छन् ?

यदि देशलाई जनसंख्या र मानव पूँजी दुवै चाहिएको हो भने, नेपालभित्र बच्चा जन्माउन प्रोत्साहन गर्ने नीति र विदेशमा रहेका नेपाली परिवारका सन्तानलाई नेपालसँग जोड्ने नीति, एउटै व्यापक राष्ट्रिय रणनीतिको हिस्सा हुनुपर्ने होइन र ?

मातृत्वको सम्मान आवश्यक छ। पितृत्वको जिम्मेवारी पनि आवश्यक छ। नवजात शिशुको स्वास्थ्य अझ महत्वपूर्ण छ। तर राम्रो उद्देश्य भएको हरेक नीति स्वतः राम्रो र दिगो नीति हुन्छ भन्ने छैन। नीति भावनाबाट सुरु हुन सक्छ, तर त्यसको अन्तिम आधार तथ्य, प्रमाण, आर्थिक क्षमता र दीर्घकालीन प्रभाव हुनुपर्छ। त्यसैले ६ महिनाको बिदाको प्रस्तावलाई केवल समर्थन वा विरोधको नारामा सीमित नगरौं।

हामीले सोधौं, यसले आमालाई कति लाभ दिन्छ? बच्चालाई कति लाभ दिन्छ? बाबुको भूमिका कति बलियो बनाउँछ ? निजी क्षेत्रले कति भार वहन गर्छ ? राज्यको वित्तीय दायित्व कति हुन्छ ? सामाजिक सुरक्षा कोषले कति धान्न सक्छ? र सबैभन्दा महत्वपूर्ण यसले नेपालको घट्दो जनसंख्या समस्यामा वास्तवमै कति प्रभाव पार्छ ?

किनकि अन्ततः नेपालको आवश्यकता धेरै मानिस मात्र होइन, स्वस्थ, शिक्षित, सक्षम र नेपालसँग जोडिएको मानव पूँजी हो। जनसंख्या बढाउने बहससँगै मानिसको भविष्य सुरक्षित बनाउने बहस पनि सँगसँगै अघि बढ्नुपर्छ।


भरतपुर महानगरपालिका
नगर कार्यपालिका कार्यालय
भरतपुर, चितवन

BHARATPUR METROPOLITAN CITY

सूचना ! सूचना !! सूचना !!!

भरतपुर महानगरपालिकालाई देशकै सुन्दर, समृद्ध र सुसंस्कृत सहर बनाउने जिम्मेवारी तथा दायित्व तपाई हामी सबै सरकारी तथा गैह्र सरकारी संघ/संस्थाहरु, नागरिक समाज एवं हामीसबै महानगरवासीको हो। महानगरपालिकाले भौतिक विकासका साथसाथै महानगरपालिकालाई हरियाली, बातावरण अनुकुलीत महानगर बनाउनको लागि विगत वर्षदेखि हरियाली एवं वृहत्तर सरसफाई कार्यलाई समुदायस्तरबाट अभियानको रुपमा सुरुवात गरी निरन्तरता दिइआएको छ। यस महानगरपालिका अन्तर्गत सिर्जित सबै किसिमका फोहोरमैलालाई महानगरपालिकाबाट तोकिएको समयमा जनताका घर, घरबाट नै संकलन तथा उचित व्यवस्थापन हुँदै आएको छ।

यद्यपी सार्वजनिक स्थलहरुमा फोहोर फाल्ने, सडकका दायाँ बायाँ रोपिएका विरुवाहरु उखल्ने, सुर्तिजन्य तथा खाद्य पदार्थहरुको खोलहरु यत्रतत्र फाल्ने, लुकिछिपी घरबाट निस्कने फोहोरमैलाहरु आफ्नो घरआँगन भित्र नराखी सडक किनारमा फाल्ने, सार्वजनिक स्थलमा निर्माण सामाग्रीहरु थुपार्ने, सार्वजनिक संस्थाहरुबाट समेत निर्माण कार्यसम्पन्न पश्चात पनि विद्युतका पोलहरु, दुरसञ्चार तथा इन्टरनेट केवल तारजन्य सामाग्रीहरु सडकपेटीमा राखे प्रवृत्ति देखिएकोले उक्त कार्यहरु नगर्नु नगराउनु हुन यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ। अब उप्रान्त अनुगमनका क्रममा माथि उल्लेखित गतिविधि देखिएमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८ मा उल्लेख भएअनुसारको कसुर मानी दफा ३९ बमोजिम रु. ५ हजार देखि रु. १ लाखसम्मको जरिवाना र सजायका साथै भरतपुर महानगरपालिकाको आर्थिक ऐन,२०८१ बमोजिम जरिवानासमेत स्थलगत रुपमा यस कार्यालयबाट खटिएका नगर प्रहरी लगायतका कर्मचारी मार्फत असुलउपर गरी प्रचलित ऐन, कानून बमोजिम आवश्यक कारवाही गरिने व्यहोरा संम्बन्धित सबैका लागि जानकारी गराइएको छ।

भरतपुर महानगरपालिका
वातावरण तथा विपद व्यवस्थापन महाशाखा

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाईसराई जस्ता व्यक्तिगत घटनाहरु ३५ दिन भित्रै दर्ता गरौं ।
- कानुन बमोजिम बुझाउनुपर्ने घरजग्गा लगायतका कर र अन्य कर, राजस्व समयमा नै बुझाऔं ।
- समाज स्वच्छ सफा राखौ ।
- कुनै पनि व्यवसाय सञ्चालन गर्दा वडामा अनिवार्य दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- आ-आफ्नो घर, आँगन, टोल, छिमेक आफैले सफा गरौं ।

**"समयमै कर तिरौं, सभ्य नागरिकको परिचय दिऔं ।"**

## हार्दिक शुभकामना

**विजयादशमी, शुभ-दीपावली** तथा **छठ** पर्व **२०८३** को सुखद् उपलक्ष्यमा सम्पूर्ण वडावासी नेपाली बुबाआमा, दाजुभाइ, दिदीबहिनीहरु तथा शुभचिन्तक महानुभावहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना ।**

**विकास थापा**
वडाध्यक्ष
एवम्
**भरतपुर महानगरपालिका वडा नं. ३ को कार्यालय**
भरतपुर, चितवन परिवार


# ६५ जना एम्बुलेन्स चालक सम्मानित

भरतपुर । चितवनमा एम्बुलेन्स चालकहरुलाई सम्मानित गरिएको छ । भोटेकोशी बाढीले बगाएर चितवन ल्याएका शव नारायणी नदीकिनारबाट भरतपुर अस्पतालसम्म ल्याउने र परीक्षणपछि व्यवस्थापन गर्न देवघाटसम्म पुर्‍याउने एम्बुलेन्स चालकहरुलाई सम्मान गरिएको हो ।



संयुक्त एम्बुलेन्स चालक संघ नेपाल (ट्रेड युनियन संघ) जिल्ला शाखा चितवनद्वारा आयोजित पाँचौं साधारण सभा तथा अधिवेशनको अवसरमा चालकलाई सम्मान गरिएको हो । सो अवसरमा ६५ जना चालकलाई सम्मान गरिएको थियो ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले उनीहरुलाई सम्मान गर्दै विपद्को समयमा एम्बुलेन्स चालकले निर्वाह गरेको भूमिका प्रशंसनीय रहेको बताए । 'शव उठाउन हामीले नेतृत्व गर्नुपर्नेमा अघिअघि एम्बुलेन्स चालक र हामी पछिपछि भयौँ' उनले भने, 'विपद्मा गरिने यस्ता कार्यको राज्य पक्षबाट पनि मूल्याङ्कन हुनुपर्छ ।'

संघका केन्द्रीय अध्यक्ष नवराज लामिछानेले चालकहरूले नदीमा शव उठाउने, एम्बुलेन्समा राख्ने र झार्नेसम्मका काम गरेको बताए । उनले भने, 'तीन-चार दिनदेखि गन्हाइरहेका शव कुनै अप्ठ्यारो महसुस नगरी हामीले बोक्यौँ ।' कतिपय शव राख्ने ठाउँको अभावमा लामो समय एम्बुलेन्समा राख्नुपरेको अनुभव उनले सुनाए ।

सो अवसरमा जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर पौडेलले विपद्मा चालकहरूले निर्वाह गरेको भूमिका प्रशंसनीय रहेको बताए ।

कार्यक्रममा चितवन मेडिकल कलेजका प्रमुख कार्यकारी निर्देशक प्रताप देवकोटा, भरतपुर अस्पतालका साइदिप घिमिरे, संघका जिल्ला अध्यक्ष कल्याण लामा, सचिव मिलन श्रेष्ठ, नेपाल ब्लड डोनर्स एसोसिएसनका अध्यक्ष अर्जुन अधिकारीलगायतले आआफ्नो धारणा राखेका थिए ।

अधिवेशनले कल्याण लामाको अध्यक्षतामा २९ सदस्यीय नयाँ कार्यसमितिसमेत चयन गरेको छ । भोटेकोशी बाढीको समयमा चितवनसहित धादिङ, नवलपरासी, तनहुँ, कास्की, नुवाकोटका एम्बुलेन्सहरु शव व्यवस्थापनमा खटिएका थिए । चितवनमा १३५ वटा एम्बुलेन्स संघमा आबद्ध छन् । चितवनमा भोटेकोशी बाढीले बगाइल्याएका सबैभन्दा बढी ३६९ शव फेला परेका थिए ।

---

## नारायणी ...

राजेन्द्र ओलीको सहभागिता रहेको थियो ।

ज्ञापनपत्रमा भरतपुर-१, २ र ३ अन्तर्गत नारायणी नदीकिनारको जोर कुसुम क्षेत्रदेखि गौरेश्वर विश्वमन्दिर हुँदै नगरवन किनारसम्मको तटीय क्षेत्रमा विज्ञ प्राविधिक टोली परिचालन गरी विस्तृत प्राविधिक अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तत्काल तयार गर्न माग गरिएको छ ।

साथै, अध्ययनका आधारमा प्राप्त सिफारिसअनुसार आवश्यक स्थानहरूमा वैज्ञानिक तथा दीर्घकालीन तटबन्ध र नदी नियन्त्रणका पक्की संरचना निर्माणका लागि आवश्यक बजेट विनियोजन गर्नसमेत आग्रह गरिएको छ । सोही पत्रमार्फत् नारायणगढ बजार, तटीय बस्ती, व्यापारिक तथा सार्वजनिक संरचना एवम् धार्मिक-पर्यटकीय सम्पदाको सुरक्षाका लागि स्पष्ट कार्ययोजना बनाई यथाशीघ्र कार्यान्वयनमा ल्याउनसमेत माग गरिएको छ ।

यसैबीच, संघीय संसद्, प्रतिनिधिसभाअन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बैठकमा संघका अध्यक्ष सुवेदी र वरिष्ठ उपाध्यक्ष ओलीले सहभागिता जनाउँदै उद्योग तथा वाणिज्य क्षेत्रमा देखिएका नीतिगत तथा व्यावहारिक समस्याहरू र तिनका समाधानका उपायसहितको १५ बुँदे सुझावपत्र पेस गरिएको थियो । उक्त सुझाव पत्रमाथि बैठकमा विस्तृत छलफलसमेत भएको थियो ।


## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाईसराई जस्ता व्यक्तिगत घटनाहरु ३५ दिन भित्रै दर्ता गरौं ।
- कानुन बमोजिम बुझाउनुपर्ने घरजग्गा लगायतका कर र अन्य कर, राजस्व समयमा नै बुझाऔं ।
- समाज स्वच्छ सफा राखौ ।
- कुनै पनि व्यवसाय सञ्चालन गर्दा वडामा अनिवार्य दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- आ-आफ्नो घर, आँगन, टोल, छिमेक आफैले सफा गरौं ।

**"समयमै कर तिरौं, सभ्य नागरिकको परिचय दिऔं ।"**

## हार्दिक शुभकामना

**विजयादशमी, शुभ-दीपावली** तथा **छठ** पर्व **२०८३** को सुखद् उपलक्ष्यमा सम्पूर्ण वडावासी नेपाली बुबाआमा, दाजुभाइ, दिदीबहिनीहरु तथा शुभचिन्तक महानुभावहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना ।**

**प्रलाद सापकोटा**
प्रमुख
एवम्
**रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
रत्ननगर, चितवन परिवार



## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाईसराई जस्ता व्यक्तिगत घटनाहरु ३५ दिन भित्रै दर्ता गरौं ।
- कानुन बमोजिम बुझाउनुपर्ने घरजग्गा लगायतका कर र अन्य कर, राजस्व समयमा नै बुझाऔं ।
- समाज स्वच्छ सफा राखौ ।
- कुनै पनि व्यवसाय सञ्चालन गर्दा वडामा अनिवार्य दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- आ-आफ्नो घर, आँगन, टोल, छिमेक आफैले सफा गरौं ।

**"समयमै कर तिरौं, सभ्य नागरिकको परिचय दिऔं ।"**

## हार्दिक शुभकामना

**विजयादशमी, शुभ-दीपावली** तथा **छठ** पर्व **२०८३** को सुखद् उपलक्ष्यमा सम्पूर्ण वडावासी नेपाली बुबाआमा, दाजुभाइ, दिदीबहिनीहरु तथा शुभचिन्तक महानुभावहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना ।**

**कमल मल्ल**
वडाध्यक्ष
एवम्
**भरतपुर महानगरपालिका वडा नं. ११ को कार्यालय**
भरतपुर, चितवन परिवार

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाईसराई जस्ता व्यक्तिगत घटनाहरु ३५ दिन भित्रै दर्ता गरौं ।
- कानुन बमोजिम बुझाउनुपर्ने घरजग्गा लगायतका कर र अन्य कर, राजस्व समयमा नै बुझाऔं ।
- समाज स्वच्छ सफा राखौ ।
- कुनै पनि व्यवसाय सञ्चालन गर्दा वडामा अनिवार्य दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- आ-आफ्नो घर, आँगन, टोल, छिमेक आफैले सफा गरौं ।

**"समयमै कर तिरौं, सभ्य नागरिकको परिचय दिऔं ।"**

## हार्दिक शुभकामना

**विजयादशमी**, **शुभ-दीपावली** तथा **छठ** पर्व **२०८३** को सुखद् उपलक्ष्यमा सम्पूर्ण वडावासी नेपाली बुबाआमा, दाजुभाइ, दिदीबहिनीहरु तथा शुभचिन्तक महानुभावहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** ।

**तिलबहादुर थापामगर**
अध्यक्ष
एवम्
**देवघाट गाउँपालिका गाउँपालिकाको कार्यालय**
देवघाट, चितवन परिवार


# फिल्म/मनोरञ्जन



## "थाक खोला" गीत "कबड्डी ५" मा काजीको तीन सोल्टिनी

काठमाडौं । दसैंको अवसर पारेर कात्तिक ६ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'कबड्डी ५ : आफ्टर द फाइनल म्याच'को पहिलो गीत 'थाक खोला' सार्वजनिक गरिएको छ। कालीप्रसाद बाँस्कोटाको शब्द तथा संगीत रहेको गीतमा उनी स्वयंले स्वर दिएका छन् । गीतको मिक्सिङ, मास्टरिङ तथा संगीत संयोजन रिकेश गुरुङ किजले गरेका हुन् ।

गीतको भिडियोमा फिल्मका मुख्य पात्र काजी (दयाहाङ राई)को तीनजना सोल्टिनीसँगको सम्बन्धलाई देखाइएको छ । एउटी सोल्टिनीसँग उनले घरबार बसाएका छन् । अर्की सोल्टिनी (मैयाँ) र मिस शान्ति पनि उनको जीवनमा ठोक्किएका देखिन्छन् । गीतमा भने काजी पात्रको मनोभाव प्रस्तुत गरिएको छ । जुनीभर साथ नहुने भए अब मायाको कुरै नगर्न गीतले आग्रह गरेको छ ।



रामबाबु गुरुङको लेखन तथा निर्देशनमा बनेको फिल्ममा दयाहाङसहित विपिन कार्की, रिश्मा गुरुङ, विजय बराल, बुद्धि तामाङ, मिरुना मगर, सिर्जना गुरुङ, पुष्कर गुरुङ, कविता आले, अरुणा कार्की, शिशिर बाङ्देल, माओत्से गुरुङ, कमलमणि नेपाल, रमेश बज्राचार्य, हरि मिजार, पञ्च सुब्बा गुरुङलगायतका कलाकारहरूको अभिनय रहेको छ ।

बासुरी फिल्म्सको प्रस्तुतिमा बनेको फिल्ममा रामबाबु गुरुङ, मणिराम पोखरेल, मधु मिजार र विशाल गुरुङ निर्मातामा छन् । सागर राज कार्यकारी निर्माता रहेको फिल्ममा कालीप्रसाद बास्कोटा, अधा सुर र झुमा लिम्बूको संगीत, सञ्जय लामाको छायांकन तथा सुरेन्द्र पौडेलको सम्पादन छ । यो फिल्मका अघिल्ला चारवटै श्रृंखलाले बक्स अफिसमा ठूलो सफलता पाएका थिए ।


## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाईसराई जस्ता व्यक्तिगत घटनाहरु ३५ दिन भित्रै दर्ता गरौं ।
- कानुन बमोजिम बुझाउनुपर्ने घरजग्गा लगायतका कर र अन्य कर, राजस्व समयमा नै बुझाऔं ।
- समाज स्वच्छ सफा राखौ ।
- कुनै पनि व्यवसाय सञ्चालन गर्दा वडामा अनिवार्य दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- आ-आफ्नो घर, आँगन, टोल, छिमेक आफैले सफा गरौं ।

**"समयमै कर तिरौं, सभ्य नागरिकको परिचय दिऔं ।"**

## हार्दिक शुभकामना

**विजयादशमी**, **शुभ-दीपावली** तथा **छठ** पर्व **२०८३** को सुखद् उपलक्ष्यमा सम्पूर्ण वडावासी नेपाली बुबाआमा, दाजुभाइ, दिदीबहिनीहरु तथा शुभचिन्तक महानुभावहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** ।

**अमृत हमाल**
वडाध्यक्ष
एवम्
**भरतपुर महानगरपालिका वडा नं. १६ को कार्यालय**
भरतपुर, चितवन परिवार



## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाईसराई जस्ता व्यक्तिगत घटनाहरु ३५ दिन भित्रै दर्ता गरौं ।
- कानुन बमोजिम बुझाउनुपर्ने घरजग्गा लगायतका कर र अन्य कर, राजस्व समयमा नै बुझाऔं ।
- समाज स्वच्छ सफा राखौ ।
- कुनै पनि व्यवसाय सञ्चालन गर्दा वडामा अनिवार्य दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- आ-आफ्नो घर, आँगन, टोल, छिमेक आफैले सफा गरौं ।

**"समयमै कर तिरौं, सभ्य नागरिकको परिचय दिऔं ।"**

## हार्दिक शुभकामना

**विजयादशमी**, **शुभ-दीपावली** तथा **छठ** पर्व **२०८३** को सुखद् उपलक्ष्यमा सम्पूर्ण वडावासी नेपाली बुबाआमा, दाजुभाइ, दिदीबहिनीहरु तथा शुभचिन्तक महानुभावहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** ।

**विनोद रेग्मी**
प्रमुख
एवम्
**कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
कालिकानगर, चितवन परिवार

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाईसराई जस्ता व्यक्तिगत घटनाहरु ३५ दिन भित्रै दर्ता गरौं ।
- कानुन बमोजिम बुझाउनुपर्ने घरजग्गा लगायतका कर र अन्य कर, राजस्व समयमा नै बुझाऔं ।
- समाज स्वच्छ सफा राखौ ।
- कुनै पनि व्यवसाय सञ्चालन गर्दा वडामा अनिवार्य दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- आ-आफ्नो घर, आँगन, टोल, छिमेक आफैले सफा गरौं ।

**"समयमै कर तिरौ, सभ्य नागरिकको परिचय दिऔं ।"**

## हार्दिक शुभकामना

**विजयादशमी, शुभ-दीपावली** तथा **छठ** पर्व **२०८३** को सुखद् उपलक्ष्यमा सम्पूर्ण वडावासी नेपाली बुबाआमा, दाजुभाइ, दिदीबहिनीहरु तथा शुभचिन्तक महानुभावहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** ।

**केशव महर्जन**
वडाध्यक्ष
एवम्
**भरतपुर महानगरपालिका वडा नं. १ को कार्यालय**
भरतपुर, चितवन परिवार



## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाईसराई जस्ता व्यक्तिगत घटनाहरु ३५ दिन भित्रै दर्ता गरौं ।
- कानुन बमोजिम बुझाउनुपर्ने घरजग्गा लगायतका कर र अन्य कर, राजस्व समयमा नै बुझाऔं ।
- समाज स्वच्छ सफा राखौ ।
- कुनै पनि व्यवसाय सञ्चालन गर्दा वडामा अनिवार्य दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- आ-आफ्नो घर, आँगन, टोल, छिमेक आफैले सफा गरौं ।

**"समयमै कर तिरौ, सभ्य नागरिकको परिचय दिऔं ।"**

## हार्दिक शुभकामना

**विजयादशमी, शुभ-दीपावली** तथा **छठ** पर्व **२०८३** को सुखद् उपलक्ष्यमा सम्पूर्ण वडावासी नेपाली बुबाआमा, दाजुभाइ, दिदीबहिनीहरु तथा शुभचिन्तक महानुभावहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** ।

**यमलाल कंडेल**
वडाध्यक्ष
एवम्
**भरतपुर महानगरपालिका वडा नं. ९ को कार्यालय**
भरतपुर, चितवन परिवार



## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाईसराई जस्ता व्यक्तिगत घटनाहरु ३५ दिन भित्रै दर्ता गरौं ।
- कानुन बमोजिम बुझाउनुपर्ने घरजग्गा लगायतका कर र अन्य कर, राजस्व समयमा नै बुझाऔं ।
- समाज स्वच्छ सफा राखौ ।
- कुनै पनि व्यवसाय सञ्चालन गर्दा वडामा अनिवार्य दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- आ-आफ्नो घर, आँगन, टोल, छिमेक आफैले सफा गरौं ।

**"समयमै कर तिरौ, सभ्य नागरिकको परिचय दिऔं ।"**

## हार्दिक शुभकामना

**विजयादशमी, शुभ-दीपावली** तथा **छठ** पर्व **२०८३** को सुखद् उपलक्ष्यमा सम्पूर्ण वडावासी नेपाली बुबाआमा, दाजुभाइ, दिदीबहिनीहरु तथा शुभचिन्तक महानुभावहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** ।

**राजेन्द्रमणि काफ्ले**
वडाध्यक्ष
एवम्
**भरतपुर महानगरपालिका वडा नं. ७ को कार्यालय**
भरतपुर, चितवन परिवार



## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाईसराई जस्ता व्यक्तिगत घटनाहरु ३५ दिन भित्रै दर्ता गरौं ।
- कानुन बमोजिम बुझाउनुपर्ने घरजग्गा लगायतका कर र अन्य कर, राजस्व समयमा नै बुझाऔं ।
- समाज स्वच्छ सफा राखौ ।
- कुनै पनि व्यवसाय सञ्चालन गर्दा वडामा अनिवार्य दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- आ-आफ्नो घर, आँगन, टोल, छिमेक आफैले सफा गरौं ।

**"समयमै कर तिरौ, सभ्य नागरिकको परिचय दिऔं ।"**

## हार्दिक शुभकामना

**विजयादशमी, शुभ-दीपावली** तथा **छठ** पर्व **२०८३** को सुखद् उपलक्ष्यमा सम्पूर्ण वडावासी नेपाली बुबाआमा, दाजुभाइ, दिदीबहिनीहरु तथा शुभचिन्तक महानुभावहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** ।

**परमेश्वर खनाल**
वडाध्यक्ष
एवम्
**भरतपुर महानगरपालिका वडा नं. १० को कार्यालय**
भरतपुर, चितवन परिवार




# साप्ताहिक राशीफल

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष**
यो सातामा शुभकार्यको चर्चा चल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । मनमा उत्साहका साथै बोली बिक्ने समय छ । नसोचेको ठाउँबाट धनागम हुनेछ । आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ, तर स्वास्थ्य प्रति चैं सावधानी अपनाउनुपर्छ ।

**वृष**
यो सप्ताह धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । प्रेममा मधुरता छाउला । आँटेको र ताकेको कार्य पुरा होला । साताको उत्तरार्धबाट आर्थिक कारोबारमा मन्दी आउनेछ ।

**मिथुन**
यो साता लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको समय रहेको छ । रोकिएको काम दोहोर्याएर प्रयत्न गर्दा सफलता मिल्नेछ । साताको अन्त्यमा व्यस्तता बढ्नुका साथै स्वास्थ्यप्रति सजगता अपनाउनु होला ।

**कर्कट**
यो साता शुभ कार्यको योजना बन्नेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । सेयरको कारोबारमा फाइदा पनि बढ्न सक्छ । साताको अन्त्यमा अनावश्यक ठाउँमा धन खर्च होला ।

**सिंह**
यो साता स्वास्थ्यमा समस्या हुनसक्छ, त्यसैले सङ्क्रमणबाट आफू पनि बच्ने र अरूलाई पनि बचाउन सहयोग गर्नु होला । महत्तवपूर्ण कार्यमा व्यवधान आइपर्ला, तर आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । बुधवारबाट साथी भाइको भेटघाटले मन प्रसन्न रहला ।

**कन्या**
यो साता विपरित वर्गबाट विशेष सहयोग मिल्ने र शुभ कार्यको योजना बन्नेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ । साताको मध्यमा सरकारी निकायको भय रहला ।

**तुला**
यो साता कुनै कुराले मनमा शान्ति छाउनेछ । रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । विज्ञान र प्राविधिक कार्य अघि बढ्नेछ । मान प्रतिष्ठामा वृद्धि होला । प्रेम जीवन सबल र सफल हुनुका साथै आम्दानीका नयाँ स्रोत बढ्नेछन् ।

**वृश्चिक**
यो सप्ताहमा सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । दैनिक कार्य र पढाइमा प्रगति नै हुनेछ । रमणीय र सुखद यात्राको योग छ । राजनीतिक कार्यमा सफलता मिल्नेछ । नयाँ कार्यको अवसर मिल्नेछ । व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

**धनु**
यो साताको सुरुका दिनमा दबाब र तनाव बढेको महसुस हुनेछ र केही अप्ठयारा परिस्थितिको सामना गर्नुपर्ला । मन भावुक र उत्ताउलो बन्नेछ, सचेत रहनु होला । मङ्गलवारबाट शुभकार्यको चर्चा चल्नेछ ।

**मकर**
यो साता धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । स्वास्थ्य साबर र शिक्षामा सफलता मिल्नेछ । सामाजिक कार्यमा रुचि बढ्नेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । मनोरञ्जनमा सहभागिता भइएला ।

**कुम्भ**
यो साता धार्मिक, सामाजिक र अरुको हित हुने काममा समय व्यतीत हुनसक्छ । व्यावसायिक काममा राम्रै फडको मार्न सकिनेछ । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । पारिवारिक जमघट र विशिष्ट व्यक्तिको सहयोग पाइनेछ ।

**मिन**
यो साता सामाजिक कार्यमा रुचि जाग्नुका साथै यात्राको योग पनि देखिन्छ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । पुँजी बजारमा लगानीको अवसर आउनाले मन प्रसन्न रहनेछ र पछि फाइदा हुनेछ । साताको मध्यमा मानसिक चिन्ता बढ्नेछ ।

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाईसराई जस्ता व्यक्तिगत घटनाहरु ३५ दिन भित्रै दर्ता गरौं ।
- कानुन बमोजिम बुझाउनुपर्ने घरजग्गा लगायतका कर र अन्य कर, राजस्व समयमा नै बुझाऔं ।
- समाज स्वच्छ सफा राखौ ।
- कुनै पनि व्यवसाय सञ्चालन गर्दा वडामा अनिवार्य दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- आ-आफ्नो घर, आँगन, टोल, छिमेक आफैले सफा गरौं ।

**"समयमै कर तिरौं, सभ्य नागरिकको परिचय दिऔं ।"**

## हार्दिक शुभकामना

**विजयादशमी**, **शुभ-दीपावली** तथा **छठ** पर्व **२०८३** को सुखद् उपलक्ष्यमा सम्पूर्ण वडावासी नेपाली बुबाआमा, दाजुभाइ, दिदीबहिनीहरु तथा शुभचिन्तक महानुभावहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** ।



**विष्णु महतो**
वडाध्यक्ष
एवम्



**भरतपुर महानगरपालिका वडा नं. २२ को कार्यालय**
भरतपुर, चितवन परिवार

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाईसराई जस्ता व्यक्तिगत घटनाहरु ३५ दिन भित्रै दर्ता गरौं ।
- कानुन बमोजिम बुझाउनुपर्ने घरजग्गा लगायतका कर र अन्य कर, राजस्व समयमा नै बुझाऔं ।
- समाज स्वच्छ सफा राखौ ।
- कुनै पनि व्यवसाय सञ्चालन गर्दा वडामा अनिवार्य दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- आ-आफ्नो घर, आँगन, टोल, छिमेक आफैले सफा गरौं ।

**"समयमै कर तिरौं, सभ्य नागरिकको परिचय दिऔं ।"**

## हार्दिक शुभकामना

**विजयादशमी**, **शुभ-दीपावली** तथा **छठ** पर्व **२०८३** को सुखद् उपलक्ष्यमा सम्पूर्ण वडावासी नेपाली बुबाआमा, दाजुभाइ, दिदीबहिनीहरु तथा शुभचिन्तक महानुभावहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** ।



**मनोज रानाभाट**
वडाध्यक्ष
एवम्



**भरतपुर महानगरपालिका वडा नं. २ को कार्यालय**
भरतपुर, चितवन परिवार

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाईसराई जस्ता व्यक्तिगत घटनाहरु ३५ दिन भित्रै दर्ता गरौं ।
- कानुन बमोजिम बुझाउनुपर्ने घरजग्गा लगायतका कर र अन्य कर, राजस्व समयमा नै बुझाऔं ।
- समाज स्वच्छ सफा राखौ ।
- कुनै पनि व्यवसाय सञ्चालन गर्दा वडामा अनिवार्य दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- आ-आफ्नो घर, आँगन, टोल, छिमेक आफैले सफा गरौं ।

**"समयमै कर तिरौं, सभ्य नागरिकको परिचय दिऔं ।"**

## हार्दिक शुभकामना

**विजयादशमी**, **शुभ-दीपावली** तथा **छठ** पर्व **२०८३** को सुखद् उपलक्ष्यमा सम्पूर्ण वडावासी नेपाली बुबाआमा, दाजुभाइ, दिदीबहिनीहरु तथा शुभचिन्तक महानुभावहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** ।



**प्रकाश तामाङ**
वडाध्यक्ष
एवम्



**भरतपुर महानगरपालिका वडा नं. १९ को कार्यालय**
भरतपुर, चितवन परिवार

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाईसराई जस्ता व्यक्तिगत घटनाहरु ३५ दिन भित्रै दर्ता गरौं ।
- कानुन बमोजिम बुझाउनुपर्ने घरजग्गा लगायतका कर र अन्य कर, राजस्व समयमा नै बुझाऔं ।
- समाज स्वच्छ सफा राखौ ।
- कुनै पनि व्यवसाय सञ्चालन गर्दा वडामा अनिवार्य दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- आ-आफ्नो घर, आँगन, टोल, छिमेक आफैले सफा गरौं ।

**"समयमै कर तिरौं, सभ्य नागरिकको परिचय दिऔं ।"**

## हार्दिक शुभकामना

**विजयादशमी**, **शुभ-दीपावली** तथा **छठ** पर्व **२०८३** को सुखद् उपलक्ष्यमा सम्पूर्ण वडावासी नेपाली बुबाआमा, दाजुभाइ, दिदीबहिनीहरु तथा शुभचिन्तक महानुभावहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** ।



**ललित तामाङ**
वडाध्यक्ष
एवम्



**भरतपुर महानगरपालिका वडा नं. १७ को कार्यालय**
भरतपुर, चितवन परिवार